**अक्टोबर १४, २०२६ देखि लागू हुने:** समरभिलमा घर भाडामा दिने घर जग्गाका मालिकहरूले कुनै भवन बिक्रीका लागि सूचीबद्ध गरेको ४८ घण्टा भित्र भाडामा बस्ने व्यक्तिहरूलाई जानकारी गराउनु पर्नेछ|



**घरजग्गाका मालिकहरूले भाडामा बस्ने व्यक्तिहरूलाई जानकारी गराउनुपर्ने:**

- भवन बिक्री सम्बन्धी सूचना भाडामा बस्ने व्यक्तिलाई प्रत्यक्ष रूपमा हस्ताक्षरित बुझिलिएको पुष्टि सहित बुझाएर वा प्रमाणित हुलाक (Certified Mail) मार्फत पठाएर, र
- भाडामा बस्ने व्यक्तिहरूले देख्न सक्ने स्थानमा भवन बिक्री सम्बन्धी सूचना टाँसेर|

**भाडामा बस्ने व्यक्तिहरू:**

- यदि तपाँईले आफ्नो भवन बिक्रीमा राखिएको थाहा पाउनु भयो तर यसबारे कुनै सूचना प्राप्त गर्नु भएको छैन भने आवास स्थिरता कार्यालयको ६१७-६२५-६६०० x२५८१ मा वा ३११ (६१७-६६६-३३११) मा सम्पर्क गर्नुहोस्|

**आवश्यक फारामहरू तथा थप जानकारी यहाँ उपलब्ध छन्:**
somervillema.gov/buildingsale

**प्रश्नहरू छन्? सम्पर्क गर्नुहोस्:** buildingsale@somervillema.gov

अपाङ्गता भएका व्यक्तिहरूले समरभिल सिटिका कार्यक्रमहरू, गतिविधिहरू, तथा बैठकहरूमा सहभागी हुन आवश्यक सुविधा वा सहयोगको अनुरोध गर्न सक्नु हुन्छ| यसका लागि कार्यक्रम हुनुअघि ADA संयोजकलाई ६१७-६२५-६६०० x२०५९ मा फोन गरेर वा ADA@somervillema.gov मा इमेल गरेर सम्पर्क गर्नुहोस्|

यदि तपाँईलाई यो जानकारी अनुवाद गर्न वा बुझ्न सहयोग चाहिन्छ भने कृपया ३११ (६१७-६६६-३३११) मा फोन गर्नुहोस् वा languageaccess@somervillema.gov मा सम्पर्क गर्नुहोस्| समरभिल सिटिले तपाँईलाई निःशुल्क भाषा अनुवाद सेवा उपलब्ध गराउन सक्छ|